# पाठ १२ यूहन्ना १२

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

बेथानियामा येशूलाई अभिषेक गरिएको
लाजरसको विरुद्धमा षड्यन्त्र
यरूशलेममा येशूको विजयी प्रवेश
केही ग्रीकहरूले येशूलाई खोजेका
येशूले आफ्नो मृत्युको बारेमा बताउनुहुन्छ
यहूदीहरूको अविश्वास
येशूको वचनद्वारा न्याय

## बेथानियामा येशूलाई अभिषेक गरिएको

यूहन्ना १२:१-८ पढ्नुहोस्।

मृत्युमाथिको विजयताको उत्सव मनाउनका लागि बेथानियामा भोजको तयारी गरिएको थियो। येशूप्रति भएको आफ्नो प्रेम प्रकट



गर्नको लागि मरियमले सुगन्धित अत्तर ल्याएर येशूको पाउमा मलिन्। यहूदाले यस बेलामा देखाए कि उनी येशूका साँचा चेला होइनन्। उनले भने कि अत्तरलाई बेच्न सकिन्थ्यो र त्यसबाट प्राप्त पैसालाई सबै चेलाहरूको साझा झोलामा राख्न सकिन्थ्यो। गरीबहरूलाई खुवाउनका निम्ति यसलाई प्रयोग गरिन्छ भनी उनले भनेका थिए, तर सत्यताचाहिँ यो थियो कि उनी चोर थिए र त्यो पैसाचाहिँ आफ्नै लागि प्रयोग गर्न चाहन्थे।

### तपाईंको अभ्यासको निम्ति

१ तिनीहरूले आश्चर्यकर्मको उत्सव मनाइरहँदा भोजको समयमा के भयो?

क. सबै चेलाहरूको साझा झोलाबाट यहूदाले केही पैसा चोरे।

**ख**. मरियमले येशूको पाउलाई अत्तरले अभिषेक गरिन् र त्यो अत्तरचाहिँ बेचिनुपर्ने थियो भनी यहूदाले भने।

**ग**. यहूदा भोजमा नगएर आफू साँचो चेला होइन भनी देखाए।

## लाजरसको विरुद्धमा षड्यन्त्र

यूहन्ना १२:९-११ पढ्नुहोस्।

लाजरस मृतकबाट बौरिउठे भनी सुन्ने धेरै जना उनलाई हेर्न आए। यस आश्चर्यकर्मद्वारा धेरै मानिसहरूले येशूमा विश्वास गरे।

शैतान, दुष्टचाहिँ परमेश्वरको शत्रु हो र परमेश्वरको विरुद्धमा युद्ध गर्नका लागि त्यसले मानिसहरूलाई चम्काउँछ। त्यसले येशूको विरुद्धमा युद्ध गर्नका लागि धार्मिक अगुवाहरूलाई चम्कायो। तिनीहरूले लाजरसलाई नाश गर्ने इच्छा गरेका थिए, किनकि येशू वास्तवमा पुनरुत्थान र जीवन हुनुहुन्छ भन्ने कुराको जीवित प्रमाण उनी नै थिए। उनको साक्षीको कारण धेरै मानिसहरूले येशूमा विश्वास गरेका थिए। येशूको शक्तिको बारेमा अरूहरूलाई भन्नेहरूलाई शैतानले अझै नाश गर्न चाहन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**२** धार्मिक अगुवाहरूले किन लाजरसलाई मार्ने निधो गरे?

**क**. किनकि लाजरसको साक्षीद्वारा धेरै मानिसहरूले येशूमा विश्वास गरेका थिए।

ख. किनकि लाजरस बेथानियामा रहन्थे।

ग. किनकि लाजरसले व्यवस्था उल्लङ्घन गरेका थिए।

## यरूशलेममा येशूको विजयी प्रवेश

यूहन्ना १२:१२-१६ पढ्नुहोस्।

यो निस्तार-चाडको समय थियो, अर्थात् कमारोपन र मृत्युबाट परमेश्वरले कसरी मानिसहरूलाई उद्धार गर्नुभयो भनी तिनीहरूलाई स्मरण गराउनका लागि यो चाड वर्षैपिच्छे मनाइन्थ्यो। यस बेला धेरै मानिसहरू यरूशलेममा जान्थे, किनकि परमेश्वरका जनहरूका निम्ति आराधनाको केन्द्र त्यही थियो।



निस्तार-चाडको निम्ति येशू यरूशलेममा जानुभयो। उहाँ गधाको बछेडामाथि सवार भएर प्रवेश गर्नुहुँदा मानिसहरू उहाँलाई स्वागत गर्नका लागि खजूरका हाँगाहरू लिएर निस्के। तिनीहरूले उहाँलाई आफ्ना मसीह र राजाका रूपमा आदर गर्नका लागि यसो गरेका हुन्। तिनीहरूमध्ये कोही-कोहीले उहाँलाई इस्राएलका राजा भनी सम्बोधन गरे। पछि गएर जब येशूलाई पक्रियो, उहाँका शत्रुहरूले उहाँको विरुद्धमा यही अभियोग लगाए। राजा हुन खोजेको भनी तिनीहरूले उहाँलाई दोष लगाए।

आज हामी सबैले येशूलाई हाम्रा राजाका रूपमा हेर्नुपर्छ–संसारका वा राजनीतिक राजाका रूपमा होइन, तर हाम्रा आफ्नै

जीवनका राजाका रूपमा। राजाचाहिँ शासनकर्ता हुन् र येशूले हाम्रा जीवनमाथि शासन गर्नैपर्छ। यसैले हामीले जे गरेको उहाँ चाहनुहुन्छ, हामी त्यही काम गर्ने कोशिश गर्छौं। आज मण्डलीमाथि लाज ल्याउने कुराहरूमध्ये एउटा कुराचाहिँ यो हो कि धेरै सदस्यहरू मण्डली सेवामा त जान्छन्, तर मण्डली बाहिरचाहिँ येशूले सिकाउनुभएको कुरा गर्ने कोशिश कहिल्यै गर्दैनन्। हामी जहाँ भए तापनिः स्कूलमा, बजारमा, काममा, येशू हाम्रो जीवनका राजा हुनैपर्छ।

## तपाईंको अभ्यासको निम्ति

**३** निस्तार के थियो?

**क.** परमेश्वरले मानिसहरूलाई कमारोपनबाट कसरी उद्धार गर्नुभयो भनी तिनीहरूलाई स्मरण गराउने चाड यो थियो।
**ख.** टाढ़ा-टाढ़ा भएका मानिसहरू राजनीतिक सम्मेलनमा भाग लिनका लागि यरूशलेममा आउने समय यो थियो।
**ग.** मानिसहरूले बालक येशूको जन्मको उत्सव मनाउने समय यो थियो।

**४** यस बेलामा येशू यरूशलेममा जानुहुँदा के भयो?

**क.** उहाँले मानिसहरूलाई निस्तारको अर्थ सिकाउनुभयो।
**ख.** आफना •ाथीहरूलाई भेट्घाट् गर्नका लागि उहाँ गधाको बछेडामाथि चढ़ेर जानुभयो।
**ग.** मानिसहरूले उहाँलाई स्वागत गरे र उहाँलाई इस्राएलका राजा भनी सम्बोधन गरे।

**५** येशू कसरी आज राजा हुनुहुन्छ?

**क.** उहाँ हामी बस्ने देशका राजा हुनुपर्छ?

**ख.** उहाँ हाम्रा जीवनका राजा हुनुपर्छ र उहाँले हाम्रा जीवनलाई शासन गर्नुपर्छ।

**ग.** उहाँ मण्डली बाहिर होइन तर मण्डलीमा राजा हुनुपर्छ।

---

## केही ग्रीकहरूले येशूलाई खोजेका

---

यूहन्ना १२:२०-२६ पढ्नुहोस्।

केही ग्रीकहरू पनि येशूलाई हेर्न गए। केही दिनमा नै अपराधीहरूलाई जस्तै आफूलाई क्रूसमा टाँगिने र कीला ठोकिनेछ भनी येशूलाई थाहा थियो। तर उहाँको मृत्युको कारण, ग्रीकहरू मात्र होइन, प्रत्येक देशबाटका मानिसहरूले उद्धार पाउनेछन्। तिनीहरूले उहाँलाई सधैंको निम्ति आफ्ना राजा तुल्याउनेछन्। यसैले उहाँ मर्नुमा ठूलो उद्देश्य थियो। धैरै दानाहरू फलाउनका लागि आफ्नो जीवन दिने गहूँको दानाजस्तै उहाँ हुनुहुनेछ।

> "गहूँको दाना माटोमा परेर मरेन भने त्यो एकलो रहन्छ। तर त्यो मऱ्यो भने त्यसले धैरै फल ल्याउँछ" (यूहन्ना १२:२४)।

येशूले भन्नुभयो कि हामीले उहाँलाई पछ्याउनैपर्छ। उहाँका खातिर हामी हाम्रो जीवन दिनका लागि तयार हुनुपर्छ, यसरी अरूहरूले उहाँलाई ग्रहण गरी उद्धार पाउन सक्नेछन्।

**तपाईंको अभ्यासको निम्ति**

**६** यूहन्ना १२ः२४-लाई कण्ठ गर्नुहोस्।

**७** उहाँको खातिर मर्नुपऱ्यो भने पनि विश्वासयोग्य भई येशूलाई पछ्याउन सकनका लागि प्रार्थना गर्नुहोस्।

## येशूले आफ्नो मृत्युको बारेमा बताउनुहुन्छ

यूहन्ना १२ः२७-३६ पढ्नुहोस्।

तपाईंले नगर्नुभएको अपराधको निम्ति केही घण्टा भित्रमा नै तपाईंलाई मृत्युदण्ड दिइनेछ भनी तपाईंले थाहा पाउनुभएपछि तपाईंलाई कस्तो लाग्छ?

तपाईं कसरी प्रार्थना गर्नुहुन्छ? यो येशूको अनुभव थियो। यस्तो कष्टबाट आफूलाई उद्धार गर्नका लागि उहाँले परमेश्वरसँग प्रार्थना गर्न चाहनुभएको थियो। तर उहाँलाई थाहा थियो कि उहाँ स्वर्गबाट पृथ्वीमा आउनुभएको छ र यही उद्देश्यको निम्ति नै उहाँ मानिस बन्नुभएको हो। उहाँ सारा संसारका पापहरूका निम्ति मर्नलाई जाँदैहुनुहुन्थ्यो– तपाईं र मेरा पापहरूका निम्ति। यसैले उहाँले प्रार्थना गर्नुभयोः "हे पिता, तपाईंका नाउँको महिमा गर्नुहोस्!"

सबैले सुन्न सक्ने आवाजमा स्वर्गबाट परमेश्वरले उहाँलाई उत्तर दिनुहुँदा, येशूका लागि यो कति ठूलो सहयोग थियो। परमेश्वर उहाँसँग हुनुहुन्थ्यो। उहाँ डरलाग्दो घडीबाट भएर

जानुहुँदा परमेश्वरले उहाँलाई सहायता गर्नुहुनेछ। अनि उहाँको मृत्युद्वारा परमेश्वरको नाम प्रशंसित र महिमित हुनेछ।



येशूको मृत्युमा पापको न्याय भयो। शैतानको न्याय भयो। अनि तपाईंका पापहरूको न्याय भयो। येशूले तपाईंका पापहरू र तपाईंका पापहरूका निम्ति भएको दण्ड आफैमाथि लिनुभयो। तर पनि योचाहिँ सत्य छ कि उहाँले तपाईंका निम्ति गर्नुभएको कामलाई यदि तपाईंले ग्रहण गर्नुभएन भने, तपाईं आफै नै दण्डमा परमेश्वरको अगाडि खडा हुनुपर्नेछ र तपाईंका आफ्ना पापहरूका निम्ति दण्ड भोग्नुपर्नेछ।

मानिलिऔं, तपाईंसँग ठूलो ऋण थियो, तर कोही व्यक्तिले तपाईंको निम्ति त्यसलाई तिरिदियो। तपाईंले फेरि यसलाई तिर्ने कोशिश गर्नु कति ठूलो मूर्खता देखिन्छ! तपाईंका पापहरूका निम्ति येशू मर्नुहुँदा तपाईंको निम्ति उहाँले ठूलो ऋण तिरिदिनुभएको छ। तर उहाँले गर्नुभएको भुक्तानीको फाइदा उठाउनका लागि तपाईंले उहाँलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गर्नैपर्छ।

**तपाईंको अभ्यासको निम्ति**

**८** येशू मर्नुहुँदा पापको बारेमा उहाँले के गर्नुभयो?

**क.** उहाँले आफूमाथि सबै पाप लिनुभयो र अब सबै मानिसहरू पापबाट स्वतन्त्र भएका छन्।

**ख.** उहाँले मानिसहरूका पाप आफूमाथि लिनुभयो तर तिनीहरूले पापका निम्ति त दण्ड पाउनैपर्छ।

**ग.** उहाँले आफूमाथि पाप लिनुभयो, तर जस-जसले उहाँमाथि विश्वास गर्छन् तिनीहरू मात्र पापको दण्डबाट स्वतन्त्र हुन्छन्।

## यहूदीहरूको अविश्वास

यूहन्ना १२:३७-४३ पढ्नुहोस्।

येशू नै मसीह हुनुहुन्छ भनी धेरै मानिसहरूले विश्वास गरेनन्, किनकि मसीह कस्तो हुनुपर्छ भन्ने तिनीहरूका विचारमा उहाँ मिल्नुभएन। तर मसीहको बारेमा अगमवक्ता यशैयाले दिएका तस्वीरमा पनि तिनीहरूको अविश्वास मिलेको पाइन्छ।

येशू नै मसीह हुनुहुन्छ भन्ने कुरा धेरै अगुवाहरूले देखे, तर अरूहरूले आफूलाई के गर्लान् भन्ने डरको कारण तिनीहरूले उहाँलाई ग्रहण गरेका थिएनन्। आज पनि धेरै मानिसहरू यस्तै कारणले गर्दा ख्रीष्टियानहरू बन्न डराउँछन्। कोही गोप्य विश्वासीहरू भएर रहन्छन्।

"किनभने परमेश्वरको प्रशंसाभन्दा मानिसको प्रशंसा तिनीहरू बढ़ी रुचाउँथे" (यूहन्ना १२:४३)।

### तपाईंको अभ्यासको निम्ति

९ यूहन्ना १२:४३ कण्ठ गर्नुहोस्।

१० येशूमा भएका गोप्य विश्वासीहरूका निम्ति प्रार्थना गर्नुहोस्।

## येशूको वचनद्वारा न्याय

यूहन्ना १२:४४-५० पढ्नुहोस्।

जुन वचनहरू सुन्नका लागि तिनीहरूले इन्कार गरेका छन्, ती नै वचनहरूद्वारा अन्तमा तिनीहरूलाई न्याय गरिनेछ। जसले येशूका वचनहरूमा विश्वास गर्छ र उहाँले आफूलाई भन्नुभएका कुराहरू पालन गर्छ त्यो व्यक्ति ठीक रहनेछ। येशूले भन्नुभएका कुरा विश्वास नगर्नेचाहिँले अनन्त जीवन पाउनेछैन।

### तपाईंको अभ्यासको निम्ति

११ अन्तको न्यायमा केद्वारा मानिसको न्याय हुनेछ?

**क**. येशूका वचनद्वारा तिनीहरूको न्याय हुनेछ।
**ख**. तिनीहरू बसेका देशको व्यवस्थाद्वारा तिनीहरूको न्याय हुनेछ।
**ग**. तिनीहरूलाई दश आज्ञाहरूद्वारा न्याय गरिनेछ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ ख) मरियमले येशूको पाउलाई अत्तरले अभिषेक गरिन् र त्यो अत्तरचाहिँ बेचिनुपर्ने थियो भनी यहूदाले भने।

५ ख) उहाँ हाम्रा जीवनका राजा हुनुपर्छ र उहाँले हाम्रा जीवनलाई शासन गर्नुपर्छ।

२ क) किनकि लाजरसको साक्षीद्वारा धेरै मानिसहरूले येशूमा विश्वास गरेका थिए।

८ ग) उहाँले आफूमाथि पाप लिनुभयो, तर जस-जसले उहाँमाथि विश्वास गर्छन्, तिनीहरू मात्र पापको दण्डबाट स्वतन्त्र हुन्छन्।

३ क) परमेश्वरले मानिसहरूलाई कमारोपनबाट कसरी उद्धार गर्नुभयो भनी तिनीहरूलाई स्मरण गराउने चाड यो थियो।

११ क) येशूका वचनहरूद्वारा तिनीहरूको न्याय हुनेछ।

४ ग) मानिसहरूले उहाँलाई स्वागत गरे र उहाँलाई इस्राएलका राजा भनी सम्बोधन गरे।

# टिप्पणीहरू